**नहेम्याह**

**सन्देश :**

नहेम्याहले गरेको यरूशलेमको पुर्नस्थापनाले शहरको पहिचान स्थापना सँगै मानिसहरूलाई परमेश्वरको निम्ति अलग गर्ने काम गर्दछ ।

(नहेम्याहले यहोवा परमेश्वरको विश्वासयोग्यतालाई महत्व दिएका छन् । मानव राजाहरू र राष्ट्रिय सरकारहरूमा परमेश्वरको योजना अनुरूपको कार्यद्वारा इस्राएलमा बाँकी रहेकाहरूमा आशा जगाई राख्ने काम गरेका छन् । परमेश्वरको प्रतिज्ञाको निश्चयताका साथ बाँकी रहेका इस्राएलीहरूलाई जागृत गर्न र आफुलाई फेरी यरूशलेमसँग परिचित गराउनको लागि उनले यरूशलेमलाई शारीरिक र आत्मिक रूपले पुर्नस्थापना गरेका थिए ।)

**एज्रा र नहेम्याहको पुस्तकको सम्बन्धः**

यद्यपि नहेम्याह १:१ को शुरूका शब्दहरू, "हकल्याहका छोरा नहेम्याहका वचनहरू" भन्ने भनाईबाट यो कुरा स्पष्ट हुन्छ की, एज्रा र नहेम्याहको पुस्तक मूल रूपमा दुई अलग रचनाहरू[1] नै हुन्, जुन प्राचिन हिब्रु पाण्डुलिपिहरूमा एकै ठाउँ संकलन गरीएका थिए । जोसेफस, (ई.सं ३७-१००) र यहूदी तालमुदले एज्राको पुस्तकलाई छुट्टै उल्लेख गरेको पाइन्छ तर नहेम्याहको पुस्तकलाई भने होइन । सेप्टूअजिन्टको सबै भन्दा पुराना लिपिहरूले पनि एज्रा र नहेम्याहलाई एउटै पुस्तकको रूपमा लिएका छन् । यसलाई एपोक्रिफलको पुस्तक १एसद्रास सित मेल नखाओस् भनेर एसद्रास B वा दोस्रो एसद्रास भनेर नामाकरण गरीएको छ ।

ओरिगेन (ई.सं.१८५-२५३) पहिलो लेखक हुन् जसले यी दुई पुस्तक विच भिन्नता देखाएका थिए, जहाँ उनले पहिलो एज्रा र दोस्रो एज्रा भनेर नामकरण गरे । ल्याटिन भ्लोटमा (ई.सं. ३९०–४०५) अनुवाद गर्दा जेरोमले नहेम्याहको पुस्तकलाई एस्द्राको दोस्रो पुस्तक (एज्रा) भनेर सम्बोधन गरेका छन् । वाईक्लिफ (१३८२ ई.सं.) र कभरडेल (१५३५ ई.सं.) को अंग्रेजी अनुवादमा पनि एज्रालाई पहिलो एस्द्रा र नहेम्याहलाई दोस्रो एस्द्रा भनेर नै सम्बोधन गरीएको छ । यस्तै विभाजन पहिलो पटक १४४८ ई.पू.मा हिब्रु पाण्डुलिपिमा देखिएको थियो । एज्रा र नहेम्याह दुवै पुस्तकले पुरानो नियमको पछिल्लो प्रेरणादायिक समयक्रमको विवरण प्रदान गर्दछन् । मन्दिर, पर्खाल र समुदाय निर्माणद्वारा दुवैले बेविलोनबाटको "नयाँ प्रस्थान"को लेखा प्रदान गर्दछन् ।

**लेखक :**

यस पुस्तकलाई यसको आखिरी रचनाको रूपमा लेखक वा सम्पादक यही नै हो भनेर तोक्न निकै नै गाह्रो छ । यो कुरा चाँही स्पष्ट छ कि यी कुराहरू नहेम्याहका पहिलो स्मरणका कुरामा आधारित छन्, मुख्यतया १:१-७:७२क र ११:१-१३:३१ खण्डहरूमा । अध्याय ८-१० का खण्डहरूले एज्राको स्मरणहरूलाई निरन्तरता दिनको लागि उल्लेख गरीएको जस्तो देखिन्छन् । नहेम्याह फारसका राजा पहिलो अर्तक्जर्जेसका यहूदी सेवक (कचौरा टर्क्याउने) थिए (ई.पू.४६४-४२४) । उनलाई नहेम्याह हक्ल्याहका छोरा भनेर सम्बोधन गरीएको छ (१:१) तर माथि उल्लेखित बुबाको नाम र हनानी दाजु भाईहरू (१:२) बाहेक परिवारको विषयमा अरू केहि पनि जानकारी दिईएको छैन । विगतका धेरै विद्वान्हरूले १ र २ इतिहासका लेखक नै एज्रा र नहेम्याहका पनि लेखक/संकलक थिए भन्ने निष्कर्ष दिएका छन् ।

यो समिक्षा अथवा दृष्टिकोण दुवै इतिहासको पुस्तक र एज्रा - नहेम्याहका पुस्तकमा भएका केहि साझा विशेषताहरूमा आधारित छ । इतिहासको पुस्तकको अन्त्य तिरका पदहरू र एज्राको पुस्तकको शुरूवातका केहि पदहरू प्राय समान भएको पाइन्छन् । इतिहास र एज्रा-नहेम्याहको पुस्तक दुवैले रोचकता पुर्वक यी सुचीहरूको वर्णन गरेको पाइन्छ, जस्तै धार्मिक चाडहरू, परिवारको मूल व्यक्ति र परमेश्वरको घर जस्ता वाक्याशंहरू प्रयोग गरेका छन् । मुख्यतया यी पुस्तकहरूको उल्लेखनीयता भनेको नै लेविहरूको श्रेष्ठता र मन्दिरको कर्मचारीहरूको प्रतिष्ठा हो । “गायक” “द्वारपाल” र “मन्दिरका सेवक” शब्दहरू विशेष गरी एज्रा, नहेम्याह र इतिहासको पुस्तकहरूमा नै प्रयोग गरीएको भएता पनि सधैं ता होइन तर प्राय जसो यसका लेखक एज्रा हुन् भनेर नै तर्क गरिएको पाईन्छ ।

**प्रापक (प्राप्तकर्ताहरू) :.**

कुनै विशेष (प्रापक) पाउने व्यक्तिहरूको उल्लेख नभएता पनि पुस्तक भित्रको समाग्रीहरूले यो निर्वासन पछी बाँकी रहेका यहुदीहरूको लागि लेखिएको थियो भन्ने कुराको सुचित गर्दछ ।

**लेखिएको मिति :**

यदि पुस्तकमा भएका घटनाहरू घटे लगत्तै एज्राले संकलन गरेका हुन् भने यो ४४० ई.पू. मा र नहेम्याहको स्मरणको आधारमा हो भने ४३० ई.पू. मा लेखिएको हुनसक्छ भन्ने अन्दाज लगाउन सकिन्छ । यी निम्नलिखित तालिकामा दिएका मितिहरू बाइबलीय पुस्तकहरूद्वारा ओगटेका निर्वासनको इतिहाससँग सान्दर्भिक छन् ।

| मिति | घटना | सन्दर्भ |
|---|---|---|
| ६०५, ५९७ ५८६ ई.पू. | तीन चरणको निर्वासन र दक्षिणी राज्यको अन्तिम पतन (यहूदा) | २ राजाहरू २४-२५ अध्याय |
| ५३८ ई.पू. | शेश्बस्सरको नेतृत्वमा पहिलो फर्काइ र मन्दिर पुनःनिर्माण सुरूवात गरीएको | एज्रा १-६ अध्याय |
| ५२० ई.पू. | हाग्गैले भविष्यवाणी गरेको | हाग्गै |
| ५२०-५१५ ई.पू. | जकरियाद्वारा भविष्यवाणी | जकरिया |
| ५१६ ई.पू. | मन्दिर निर्माण सम्पन्न | एज्रा ६:१३-२२ |
| ४८३-४७३ ई.पू. | एस्तर | एस्तर |
| ४५८ ई.पू. | दोश्रो फर्काइ एज्राको नेतृत्वमा | एज्रा ७-१० अध्याय |
| ४४४ ई.पू. | तेस्रो फर्काइ नहेम्याहको नेतृत्वमा यरूशलेम शहर पुनःनिर्माण मानिसहरूको पुर्नजागरण (जागृति) | नहेम्याह १-७ |
| ४२६ ई.पू. | नहेम्याहको दोस्रो फर्काइ र अन्तिम सुधारका कार्यहरू | नहेम्याह ८-१२ अध्याय |

**एतिहासिक सन्दर्भः**

५३९ ई.पू. मा फारसका राजा कोरशले बेबिलोनी साम्राज्यलाई कब्जा गरेको केहि समय पछी हिब्रुहरू लगायत अरू विदेशी नागरीकहरूलाई पनि आफ्नो भूमि फर्किन पाउने निर्णयको घोषणा गरेका थिए । नहेम्याहले एज्राको सुधारको समय भन्दा करिब तेह्र वर्ष पछी घटनाहरूको लेखा राख्न शुरु गरेको जस्तो देखिन्छ र यो मन्दिरमा आराधानाको पुनःस्थापना भएको ८० वर्ष पछि थियो । नहेम्याहको पुस्तकले लगभग १५ वर्षको समय ओगटेको छ, ४४४ देखी ४३० ई.पू. सम्मको समय अवधि । यसमा यरूशलेम शहरको पुनः निर्माण र समुदायको आत्मिक मूल्य मान्यता र एउटा राष्ट्रको रूपमा उनीहरूको पहिचान गराउन नहेम्याहले गरेको प्रयासहरूको अभिलेख राखिएको छ । जब निर्वासनमा परेकाहरू घर फर्किए उनीहरूले मन्दिर र शहर (यरूशलेम) भग्नावशेष अवस्थामा पाए । यहूदीहरू यरूबाबेलको नेतृत्वमा (एज्रा १-६) ३३८ ई.पू. मा फर्किएर मन्दिरको पुन निर्माण गरी समुदायको आत्मिक केन्द्रको स्थापना गर्ने काम गरेका थिए । ४५८ ई.पू.मा एज्राको नेतृत्वमा भएको दोस्रो फर्काइले (एज्रा ७-१०) परमेश्वरसँगको करारको सम्बन्धमा उनीहरूलाई फर्काउने काम गरेको थियो । तर परमेश्वरको शहर (यरूशलेम) का पर्खालहरू निरन्तर भग्नावशेष अवस्थामा नै रहिरयो । यहूदीहरूको आफ्नो राष्ट्रको पहिचानका लागि पर्खालहरू प्रतीकको रूपमा थिए र यहूदी राष्ट्र फर्किएको वरिपरिका राष्ट्रहरूका लागि पनि यो एउटा दृष्यात्मक चिन्हको रूपमा थियो । निर्वासनबाट तेस्रो फर्काइ नहेम्याहको नेतृत्वमा ई.पू.४४४ मा यरूशलेमको पर्खाल निर्माण गर्नु पर्ने र मानिसहरूको जागृतीको आवश्यकताको प्रत्यक्ष प्रतिक्रिया थियो ।

एज्रा र नहेम्याहले पुजारीहरूको विशेष अधिकार माथि लागातार दबाव दिनु उनीहरूलाई दमन गर्नु थिएन । ४०० ई.पू. पछि यरूशलेमको पूजाहारीहरूको श्रेष्ठता विस्तारै बढ्न थाल्यो, साथै आशा भन्दा बढी ईश्वरीय शास्त्रले उत्प्रेरित एज्रा र नहेम्याह लोकप्रिय हुन थाले जुन लगभग ई.पू. १५० मा फारिसिक अभियानको रूपमा लिइएको थियो ।

**व्याख्यात्मक रूपरेखाः**

**(अ) नहेम्याहको पहिलो प्रशासन कार्य (१-१२)**

**क) यरूशलेममा पर्खालहरूको पुननिर्माण (यहोवाको आशिषको लागि बाँचेकाहरूको अलगपनता/अलग हने कामको आरम्भ/शुरूवात (१:१-७:७३)**

**१. यरूशलेममा फर्किएको (१:१-२:२०)**

क यरूशलेमको दुर्दशाको खबर (१:१-४)

ख. नहेम्याहको प्रतिक्रियाः प्रार्थना (१:५-११)

ग. राजा अर्तक्जर्जेसको आदेश (२:१-८)

घ. नहेम्याहको यात्रा (२:९-१०)

ङ. रातको समयमा नहेम्याहले पर्खालको निरीक्षण गरेका (२:११-१६)

च. यरूशलेम पुनःनिर्माण गर्नका लागि यहुदीहरूलाई नहेम्याहले दिएको सल्लाह, उत्साह (२:१७-१८)

छ. सन्बलत, अमोनी तोब्याह र अरबी गेशेमको विरोध/खिसी गरेको (२:१९-२०) ।

**२. पुननिर्माण कामको शुरूवात (३:१-७:४)**

क. पर्खाल निर्माण कार्यमा सहभागीहरूको सूची (अध्याय ३)

(अ) उत्तरी भागको निर्माण (३:१-७)

(आ) पश्चिमी भागको निर्माण (३:८-१३)

(इ) दक्षिणी भागको निर्माण (३:१४)

(ई) पूर्वी भागको निर्माण (३:१५-३२)

ख. पर्खाल पुननिर्माण कार्यको विरोध (४ अध्याय)

(अ) सन्बलत र तोब्यहको गिल्ला / उपहास, खिल्ली उडाई (४:१-५)

(आ) आक्रमणको त्रास/खतरा (४:६-१५)

(इ) पर्खाल निर्माण सँगै पहरेदार (४:१६-२३)

ग. सामाजिक र आर्थिक समस्याहरू (अध्याय ५)

(अ) अनुदान संकलन गर्ने विषयमा गरीबहरूको गुनासो (५:१-५)

(आ) ऋणहरूको मिनाह /रद्द गरीएको (५:६-१३)

(इ) नहेम्याहको निःस्वार्थपनको उदाहरण (५:१४-१९)

घ. निरन्तर विरोधको बावजुद पनि पर्खाल पुननिर्माण सम्पन्न भयो ।

(अ) छल र निन्दा गरेर नहेम्याहलाई फसाउने प्रयत्नहरू (६:१-९)

(आ) झुटा भविष्यवक्ताहरूको काम (६:१०-१४)

ङ. पर्खाल निर्माण कार्य सम्पन्न (६:१५-१९)

च. यरूशलेमको सुरक्षाको लागि गरिएका प्रावधानहरू (७:१-३)

**३. मानिसहरूको दर्ता**

(क) नहेम्याहले कैदबाट फर्केकाहरूको सूची भेट्टाएका (७:४-५)

(ख) फर्केकाहरूको चित्रण गरीएको (६:६-७२)

(ग) निर्वासितहरूको बन्दोबस्त (७:७३क)

**(ख) एज्राको प्रचार र मानिसहरूमा जागृतीको प्रभाव परेको (७:७३ख-१०:३९)**

(अ) धर्मशास्त्र समुदायमा प्रस्तुत गरीएको (७:७३ख-८:८)

(आ) शुरूमा मानिसहरूको विलापमा प्रतिक्रिया र त्यस पछिको आनन्द (८:९- १२)

(इ) छाप्रो बासको चाडहरूमनाइएको (८:१३-१८)

(ई) पश्चातापको दिन : उपवास, स्वीकार र प्रार्थना (९:१-५)

(ऊ) इस्राएलीहरूसँग परमेश्वरले गर्नुभएको व्यवहारको सम्झना गरीएको (९:५ख-३१)

(उ) पापहरूको स्वीकार (९:३२–३७)

(ए) धर्मशास्त्रमा आधारित रहेर करारको अनुमोदन गरीएको (९:३८)

(ऐ) परप्रभुसितको करारमा/वाचामा सहि छाप लगाउनेहरूको सूची (१०:१-२९)

(ओ) करारको सम्झौताका प्रावधानहरू (१०:३०–३९)

**ग. यरूशलेममा आवादी बढ्नुका साथै परमप्रभुले चुन्नु भएका मानिसहरूलाई आशिष दिन सक्नुहुन्छ भन्ने कुरामा समर्पित भएको छ। ( बाँकी रहेका मानिसहरूका जीवनमा क्रमिक रूपमा आशिष पुरा भएको) (११:१–१२:४७)**

१. यरूशलेममा नँया बासिन्दाहरू (११:१-२४)

क. परिचयात्मक टिप्पणीहरू (११:१–४ क)

ख. यहूदाबाटका बासिन्दाहरू (११:४ख-६)

ग. बेन्यामिनबाटका (११:७–९)

घ. पुजाहरीहरूबाट (११:१०–१४)

ङ. लेवीहरूबाट (११:१५–१८)

च. मन्दिरका कारिन्दाहरूबाट (११:१९-२४)

२. यहूदाका लागि नँया बासिन्दाहरू (११:२५-३६)

क. यहूदाबाट आउनेहरूको बसोबास गर्ने ठाउँ (११:२५-३०)

ख. बेन्यामिनको कुलबाट आएकाहरूको बसोबास गर्ने ठाउँ (१:३१-३५)

ग. लेविहरूबाट बेन्यामिनको कुलमा सरेर बसेकाहरू (११:३६)

३. पूजाहरीहरूको सूची (१२:१-२६)

क. पहिलो फर्काइ मार्फत आएका पूजाहरीहरू र लेविहरू (१२:१-९)

ख. योयाकीम देखि मुखिया पूजाहरीहरू र लेविहरू (१२:१०–२६)

४. यरूशलेमको पर्खालको समर्पण (१२:२७-४३)

५. मन्दिरको भेटिहरू र सेवाहरू सम्बन्धि नियमहरू (१२:४४–४७)

**(आ) नहेम्याहको दोश्रो प्रशासन कार्य (अध्याय १३)**

**क. नहेम्याहको अनुपस्थितिमा दुर्व्यवाहार (१३:१–५)**

१. मिश्रित बिवाहहरू (१३:१-३)

२. मन्दिरको छाउनीमा तोब्याहको काम (१३:४-५)

**ख. नहेम्याहको फर्किएको (१३:६-९)**

१. नहेम्याहको आगमन (१३:६-७)

२. नहेम्याहले तोब्याहलाई निष्कासन गरेको (१३:८–९)

**ग. पुर्नगठन र सुधारहरू (१३:१०-३१)**

१. मन्दिरको कर्मचारीहरूको लागि भेटि (१३:१०-१४)

२. विश्रामको दिन प्रतिको दुर्व्यवाहार (१३:१५-२२)

३. मिश्रित बिवाहहरू (१३ :२३-२९)

४. दाउराको भेटि र पहिलो फलहरू दिने बन्दोबस्त मिलाईएको (१३:३०-३१)

**यरूशलेम/सियोन**

निम्नलिखित सामग्रीहरू "पुरानो नियमको ईश्वरशास्त्रीय शब्दकोष, ७३४-५" मा पाईने सामग्रीको सारांश हो ।

- यरूशलेम सियोनको पवित्रता यहोवा परमेश्वर त्यहाँ उपस्थिति हुने छनौट गर्नुभएको तथ्यमा आधारित छ । यसलाई सृष्टिमा नै पवित्र रूपमा अलग गरीएको थिएन र न त कुनै पनि आन्तरिक प्रक्रियाद्वारा यसलाई पवित्रता पारिएको थियो । यो त छानिएको हो र यसैकारण इस्राएलीहरू र परमेश्वरक बिचको इतिहासमा यसको महत्वपूर्ण स्थान रहेको पाईन्छ ( उदाहरणको लागि हेर्नुहोस् भजनसंग्रह ७८:६८-६९), तसर्थ, यसले अर्थ र पवित्रता प्राप्त गरेको छ ।

**वास्तविक शहर**

- सियोन भनेको हेब्रोन उपत्यका (पुर्वमा) र टायर उपत्यका (पश्चिममा) बीचको सुदृढ पर्वत हो। जुन दाऊदले यबूसीहरूबाट कब्जा गरे (२ शमूएल ५:७; सियोनमा पहिलो सन्दर्भ )। पछी यो दाऊदको शहरको रूपमा चिनिन थाल्यो। (२ शमूएल ५:९)।
- अझ दाऊदले कब्जा गर्नु भन्दा पहिले नै यस शहरलाई उत्पत्तिको पुस्तकमा विशेष स्थानको रूपमा उल्लेख गरीएको पाईन्छ (तलको पद हेर्नुहोस्)।
- उत्पत्ति १४:१८-२० मा, "शालेमका राजा मेल्किसेदेक...........परमेश्वरको सर्वोच्च पूजाहारीले" अब्रामलाई आशिष दिए र अब्रामले कब्जा गरेका सम्पूर्ण थोकहरूको दशांश पाएका थिए (१/१०) (हिब्रु ७)। "शालेम" "यरूशलेम" को एक छोटो रूप हो (हेर्नुहोस् भजनसंग्रह ७६;२) "शान्ति" (शालोम) को हिब्रु शब्दसँग सम्बन्धित छ।
- मोरियाह पर्वत जहाँ अब्राहामले इसहाकलाई बलि चढाउन लागेको विशेष ठाँउको रूपमा चिनिन्छ, (उत्पत्ति २२) जसलाई २ इतिहासको पुस्तकमा जहाँ परमप्रभु दाऊदकहाँ देखा पर्नुभएको थियो भनेर उल्लेख गरिएको पाईन्छ, ओर्नान यबूसीको खलामा (उत्पत्ति २२:२,१४; १इतिहास २२:१; २ इतिहास ३:१)।
- व्यवस्था १२ मा, परमेश्वरले इस्राएलीहरूलाई निर्देशन दिनुभएको थियो कि उनीहरूले "परमेश्वरको वासस्थानको लागि उँहाको नाम राख्न आफ्नो सबै कुलहरू मध्येबाट परमेश्वरले छनौट गर्ने ठाउँ खोज्नु। "
- यरूशलेम, यबूसीहरूको शहर, यहोशूले आफ्नो कब्जामा लिएको थियो र पछी यो हराएको जस्तो देखिन्छ (न्यायकर्ता १:८,२१)।
- यस मन्दिर मूल शहरको उत्तरमा सलोमनद्वारा निर्माण गरीएको थियो र शहरको क्षेत्र विस्तार भएपछि सियोनको नाम सम्पूर्ण शहरमा लागु हुन थाल्यो।
- यसैले सियोन नामले विशेष गरी मन्दिरको वरिपरी वा सामान्यतया यरूशलेम आफैलाई उल्लेख गरेको पाईन्छ।
- सियोनको शहर, सोलोमनले मन्दिर निर्माण गरेको समय देखि नै परमप्रभुको गतिविधिहरूको केन्द्र बन्यो। यहोवे परमेश्वरले आफुलाई "जो सियोन पर्वतमा बास गर्नुहुन्छ" भनेर चिनाउनुभयो (यशैया ८:१८)। सियोनबाट नै यहोवे परमप्रभु परमेश्वरले पापको विरूद्ध आफ्नो न्यायको शुरूवात गर्नुहुन्छ भन्ने कुरा उल्लेख गरिएको पाईन्छ (आमोस १:२)।
- सियोन एउटा शहरको रूपमा बेविलोनीहरूद्वारा ई.पू. ५८६ विनाश गरिएको थियो। त्यो विनाश चाँही यर्मिया ३९; ५२; इजिकिएल २४;३३; र २ राजाहरू २५ अध्यायहरूमा वर्णन गरीएको छ
- विलापको पुस्तकले बारम्बार सियोन र "सियोनको छोरी/छोरी सियोन" ले सियोनको विनाशमा शोक व्यक्त गरेको कुरालाई दर्शाउँदछ। (विलाप १:४, ६, १७, आदि)।
- निर्वासनको समयमा भजन लेखक यति निराश थिए कि उनले सियोनको कुनै पनि गीत गाउन सकेनन्। भजनसंग्रह १३७:१-६
- तर निर्वासनमा समेत मानिसहरूले विश्वास गरे र आफ्नो शहर पुननिर्माण गर्न र यसको किल्लाहरू पुनःस्थापित गर्नका लागि परमप्रभु परमेश्वरलाई प्रार्थना गरे (भजनसंग्रह १०२:१३,१६;६८:३५)।

## ईश्वरशास्त्रीय सन्दर्भमा

- सियोन शब्दले कहिलेकाँही सम्पूर्ण देश, कररको समुदाय स्वयंमलाई दर्शाउँदछ (यशैया १:२७; भजनसंग्रह ९७:८) ।
- सियोन शब्द भजनसंग्रह र विलापको पुस्तकहरूमा बारम्बार उल्लेख गरिएको पाईन्छ ।

- सियोन शब्दले विरलै मात्र यहूदाको राजनैतिक राजधानीलाई जनाएको पाईन्छ (यरूशलेमको लागि प्रयोग गरिएको थियो), तर यस नयाँ युगमा धेरै जसो परमेश्वरको शहर भनेर प्रयोग गरिन्छ ।

- सियोन प्रायः कवितात्मक खण्डहरूमा उल्लेख गरेको पाईन्छ, जसले मन्दिर वरिपरिको क्षेत्रलाई बुझाउँदछ जहाँ यहोवा बास गर्नुहुन्छ । भजनसंग्रह ४८ ले सियोन पर्वतको उत्तम तरिकाले प्रशंसा गर्दछ र भजनसंग्रह ८७ ले "परमेश्वरको शहर सियोनको, गौरवशाली कुराको बारमो बताउँदछ" ।

- सियोन धार्मिक केन्द्र हुनेछ, केवल इस्राएलको लागि मात्र नभई, सारा संसारको लागि (यशैया २:२-३;४:२-६; र तल हेर्नुहोस्) ।

- इजकिएलले सियोनलाई पृथ्वीको "नाभी" भनेर सम्बोधन गरेको जस्तो देखिन्छ, त्यस ठाउँ जहाँ परमेश्वरले यस ग्रहलाई सम्हाल्नुहुन्छ (३८:१२) । ईश्वरशास्त्रीय हिसाबले सियोन दुबै इस्राएलको भूमि र पृथ्वीको केन्द्र हो ।

## अन्त्यको दिनको सन्दर्भमा

- केही अगमवक्ताको पुस्तकहरू, विशेष गरी यशैया, यर्मिया, योएल, र जकरिया, सियोन भविष्यमा परमप्रभुको मुक्तिको महान कार्यहरूको लागि मुख्य स्थानको रूपमा उल्लेख गरिएको पाईन्छ ।

- उहाँले न्याय द्वारा सियोनको पाप हटाउनुहनेछ (यशैया ४:४); त्यो शहर जुन न्याय र धार्मिकता द्वारा उद्धार गरिएको हुनेछ (यशैया १:२७;३३:५) ।

- सियोनमा परमेश्वरले एउटा बहुमूल्य कुने ढुंगा राखेर शहरको निर्माण गर्नुहुनेछ (यशैया२८:१६)
- प्रस्थानको समयमा भएको जस्तो परमप्रभुको महिमा यसका बासिन्दाहरूलाई केहि खराब तत्वहरूबाट जोगाउन फर्कनेछ (यशैया ४:५-६) ।

- परमेश्वरले दृढताका साथ शत्रुहरु बाट यस शहरलाई बचाउनुहुनेछ (यशैया ३३:२०)
- परमेश्वरका मानिसहरू उनीहरू प्रबासी भएको विभिन्न ठाउँहरूबाट रमाहट गर्दै र गाउँदै फर्कनेछन् यशैया ३५:१०;५१:११) । त्यस पछि तिनीहरू फेरि कहिलै रुनेछैनन् (यशैया ३०:१९) ।

- सियोन वरपरको भूमिमा अदनको बगैंचा जत्तिकै फलदायी र सबै उत्तम कुराहरूले भरिपुर्ण हुनेछ (यशैया ५१:३) ।
- यस पुर्नस्थापनाको क्षेत्र सबै मानिसहरुको लागि नै हो, विदेशी राष्ट्रहरू पनि सियोन डाँडामा आराधना गर्न आउनेछन् (यशैया २:३ ; मिका ४:२) ।

- सियोनका यी उत्कृष्ट परिवर्तनहरूले उसलाई नयाँ नाम प्रदान गर्नेछ "परमप्रभु ऊसमा प्रसन्न हुनुहुनेछ" (यशैया ६२:१-५) । तर सबैभन्दा ठूलो भिन्नता यो हुनेछ कि त्यहाँ परमेश्वर आफैले राज्य गर्नुहुनेछ (जकरिया ८:३;यशैया ५९:२०)

- १,००० वर्षको राज्य र महान् सेतो सिंहासनको न्याय पश्चात (प्रकाश २०), परमेश्वरबाट स्वर्गदेखि तल आउने पवित्र शहरलाई नयाँ यरूशलेम भनि सम्बोधन गरिएकोछ (प्रकाश २१:२)।

- यो नयाँ यरूशलेमले यरूशलेम, मन्दिर र अदनको बगैंचाको तत्वहरूलाई एकै ठाउमा जोडेको जस्तो देखिन्छ